**कावासोती नगरपालिका**

# रिटर्नी स्वयंसेवक आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति** २०८०।०५।२१

सुरक्षित आप्रवासन -सामी_ नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार सन्चालित कार्यक्रम हो। यो कार्यक्रम, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत नवलपारासी पूर्व जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन र समुदाय सचेतीकरण कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुर्याउनका लागि हिमालयन सामुदायीक विकास मञ्च (हिकोडेफ)लाई रिटर्नी स्वयंसेवकको आवश्यकता परेको हुनाले तपशिलको योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित अनुसार दरखास्त आह्वान गरिएको छ।

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | रिटर्नी स्वयंसेवक | १ जना | कक्षा १० उत्तीर्ण गरी वैदेशिक रोजगारीका लागि मलेशिया तथा खाडी मुलुकमा गई कम्तीमा २ वर्ष काम गरी फर्किएको हुनुपर्नेछ। सामाजिक परिचालन र समन्वय तथा सहजीकरण सम्बन्धी ज्ञान भएको। |

**कार्यअवधि:** हाललाई २०८० मँसिर मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

**परिक्षाको किसिम** : लिखित, अन्तवार्ता र प्रयोगात्मक

**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार।

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक कावासोती नगरपालिकामा स्थायी वसोवास भएका नागरिकहरुले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई हस्तलिखित निवेदन सहित हिमालयन सामुदायीक विकास मञ्च (हिकोडेफ) पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित, अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ।

**दरखास्त दिने अन्तिम मिति :** २०८०।०५।२७ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ। थप जानकारिको लागि ०७८-५४०३११ र ५४०१७२मा सम्कर्क गर्न सकिनेछ।

(कावासोती नगरपालिका, मध्यबिन्दु नगरपालिका र विनयी त्रिबेणी गाऊँपालिका सहकार्यमा सञ्चालित)

**पदपूर्ती समिति**